२०७८ बैशाख २२ गते

*कोरोना भाइरस् (कोभिड१९) महामारीको सन्दर्भमा*

**नागरिक संघसंगठनहरु संयुक्त अपील**

नेपालमा कोभिड१९ को महामारीको दोस्रो लहर ब्यापक भएपछि दैनिक हजारौंको सङ्ख्यामा संक्रमित बढेका छन् भने दैनिक रुपमा मृत्यु हुनेहरुको संख्या पनि बढ्दो दरमा रहेको छ । कोभिड१९ को प्रकोप देशभर व्यापक बन्दै जाँदा संक्रमितको उपचारका निमित्त साधारण तथा अक्सिजन सेवा सहितका शैया लगायतका सेवा हरुको अभाव रहेको जनगुनासो र सूचनाहरु आइरहेका छन् । त्यसो त समाजमा अहिले मुख्यरुपमा contract tracing जुन रुपमा व्यापक बनाइनुपर्थ्यो त्यो पक्ष अभाव रहेको देखिन्छ जसले गर्दा कोभिड१९ को महामारीले भयावह निम्त्याउने खतरा रहेको छ ।

यस्तो विषम परिस्थितिलाई आंकलन गर्दै नागरिक समाज तथा संघ -संगठनहरुले वैशाख १८ गते संयुक्त बैठक आयोजना गरी कोभिड१९ महामारी नियन्त्रणका लागि नेपाल सरकारसँग प्रभावकारी सहकार्य गर्ने, अत्यावश्यक स्वास्थ्य सामग्रीहरु जस्तै अक्सिजन सिलिन्डर, मास्क, अक्सोमिटर, सेनिटाइजर, एम्बुलेन्स र प्लाज्मा रगत लगायतको अभाव हुन नदिन आर्थिक, प्राविधिक, मानवीय र अरु सबै खालका सहायता जुटाउन पहल गर्ने, देशभर सचेतना अभियान सञ्चालन गर्ने र स्थानीय सरकार, जिल्लास्थित सुरक्षाकर्मीहरु, पत्रकार लगायत विभिन्न पक्षसँगको सहकार्यमा आवश्यक मानवीय कार्यलाई निरन्तरता दिन नागरिक समाज र संघ-संगठनहरु प्रतिबद्ध रहने निर्णय गरिएको छ ।

महामारीको त्रासदीबाट आमनागरिकलाई बचाउन स्थानीय र प्रदेश सरकार, सुरक्षा निकाय र सबै अन्य सरकारी संयन्त्रको परिचालन गर्दा निजीक्षेत्र तथा नागरिक संघ -संस्थाहरुहरु सम्मिलित संयन्त्र बनाएर प्रभावकारी परिचालन गर्न पनि हार्दिक अपील गर्दछौं । यस जटिल परिस्थितिमा नागरिक समाज र संघ -संस्थाहरुको भूमिका र कर्तब्य प्रभावकारी बनाउन प्रतिबद्ध रहेको अवगत गराउन चाहन्छौं साथै नेपाल सरकार तथा सम्बद्ध निकायहरूसँग महामारीसँग जुध्नका लागि निम्नानुसार माग र अपील गर्न चाहन्छौं ।

१. हरेक नागरिकको जीवन र स्वास्थ्य राज्यको जिम्मेवारी भएकोले यस बिषम परिस्थितिसँग लड्नका लागि राज्यका सबै संयन्त्रहरुको सम्पूर्ण श्रोत र साधन जुटाउन र प्रयोग गर्न जोडदार माग गर्दछौं । जनताको जीउज्यानको सुरक्षाको सवाल रहेकोले युध्दस्तरमा कार्य गरी जनताको स्वास्थ्य र बाँच्न पाउने अधिकारको संरक्षण गर्न माग गर्दछौं ।

२. विभिन्न जिल्ला र स्थानीय तहहरुमा बढ्दो रुपमा निषेधाज्ञा लागिरहेको हुनाले सो क्षेत्रका श्रमिक, विपन्न वर्ग, सीमान्तकृत समुदायको लागि नगदीरुपमा दिइने राहत (Cash Package) का कार्यक्रम सञ्चालन गर्न र बजेट व्यवस्थापन गर्न अनुरोध गर्दछौं ।

३. सामाजिक रुपमा हुने विवाह , पूजा लगायत सांस्कृतिक कार्य केही समयलाई नगर्न आह्वान गर्दछौं साथै भेला तथा अनावश्यक यात्राहरुमा प्रतिबन्ध , घर बाहिर निस्किदा मास्कको अनिवार्य प्रयोग, व्यक्ति-व्यक्तिबिच दूरी कायम जस्ता उपायहरू कडाइका साथ अवलम्वन, कार्यान्वयन तथा नियमन गरियोस् । कोभिड१९ संक्रमणको बारेमा समुदायमा जनसचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरियोस् ।

४. सरकार मातहतका सम्पूर्ण सरकारी अस्पताल , शिक्षण अस्पताल तथा सामुदायिक अस्पतालहरुमा थप शैय्याहरुको व्यवस्था गरियोस् तथा अन्य अस्पतालहरूलाई पनि तत्काल कोभिड१९ अस्पतालको रुपमा घोषणा गरियोस् । निजी अस्पतालहरुमा कोभिड१९ को उपचार अनिवार्य गर्ने व्यवस्था मिलाइयोस् । संक्रमितहरुको सम्पूर्ण उपचार खर्च सरकारले बेहोर्ने व्यवस्था मिलाईयोस् । निजी अस्पतालबाट कोभिड१९ को उपचारको नाममा भएको चर्को असुलीको छानविन र अनुगमन गरी तत्काल कारबाही गरियोस् ।

५. सरकारले कोरोना१९ रोकथाम तथा नियन्त्रणका निम्ति केन्द्रीय , प्रादेशिक तथा स्थानीय तहमा गरेका सबै खर्च विवरणहरू पारदर्शी गर्न अनुरोध गर्दछौं ।

६. मित्रराष्ट्र भारतबाट आउने नेपालीहरुलाई बिना रोकतोक नेपाल प्रवेश खुला तथा सहज बनाउन अनुरोध गर्दछौं । साथसाथै सीमामा कोभिड१९ परीक्षण सुविधायुक्त होल्डिङ सेन्टरहरु, क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रको व्यवस्था गर्न र उक्त केन्द्रहरु अपाङ्गता तथा लैङ्गिकमैत्री बनाउन अनुरोध गर्दछौं ।

७. मित्रराष्ट्र तथा दातृ निकायहरूसँग समेत पहल गरी अत्यावश्यक स्वास्थ्य सामग्रीहरुको व्यवस्था शीघ्ररुपमा गर्न अनुरोध गर्दछौं । प्रतिकूल अवस्थाको मौका छोपी स्वास्थ्य सामग्री, खाद्यान्न जस्ता अति आवश्यक वस्तुहरूमा मुल्यवृध्दि र कालोबजारी तत्काल नियन्त्रण गरियोस् । सम्भावित अक्सिजन संकट आउन नदिन विभिन्न वैकल्पिक व्यवस्थाहरु तत्काल अपनाइयोस् । साथै , खोपको आयात गर्न र सबैलाई खोपको व्यवस्था गर्ने कार्यलाई पनि प्राथमिकता दिन अनुरोध गर्दछौं ।

८. महामारीको अवस्थामा सरकार र नागरिकलाई सहयोग र साथ दिनका लागि नागरिक समाज प्रतिबद्ध छ तर सरकारले नागरिक समाज , संघ -संस्था, निजीक्षेत्र र अन्य सामुदायिक तथा स्वयंसेवी संस्थाहरूसँग महामारी रोकथाम कार्यमा समन्वय तथा परिचालन गर्नका निम्ति आवश्यकता अनुसार पहल र सहकार्य गर्न अनुरोध गर्दछौं ।

९. कोभिड१९ सम्बन्धी सही सूचनाको प्रसारण र गलत सूचनाको नियन्त्रण गरियोस् । होम आईसोलेसनमा रहेका संक्रमित व्यक्तिको स्वास्थ्य अनुगमन , सल्लाह र आवश्यकता अनुसार स्वास्थ्य जाँचको व्यवस्था मिलाउन आग्रह गर्दछौं ।

१०. अग्रभागमा खटिने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीका लागि प्रोत्साहन भत्ता र अन्य सुविधाको व्यवस्था गर्न आग्रह गर्दछौं । साथै अग्रपंक्तिमा खटिने पत्रकारहरु र मानव अधिकारकर्मीहरुलाई स्वतन्त्ररुपमा अनुगमन गर्ने अनुमतिको व्यवस्था, स्वास्थ्य बीमाको प्रबन्ध तथा फेसमास्क, पीपीई र अन्य सुरक्षाका साधनहरुको व्यवस्थाका लागि आग्रह गर्दछौं ।

११. स्थानीय सरकारलाई अत्यावश्यक बाहेक अन्य भौतिक निर्माणका कामलाई अहिले लाई रोक लगाइ अस्पतालको भौतिक पूर्वाधार सुधार गर्ने , क्वारेन्टाइन र होलडिङ सेन्टर निर्माणका लागि केन्द्रित हुन आग्रह गर्दछौं ।

१२. अक्सिजन ग्यास उत्पादन गर्ने उद्योगको अवस्था आकलन गर्ने र अक्सिजन उत्पादन तथा भण्डारण गर्न र त्यसको देशभर वितरणको उचित प्रवन्ध मिलाउन अनुरोध गर्दछौं । साथै होम आइसोलेसनमा रहेकाहरुका लागि सबै अक्सिजन लगायतका सामग्रीको व्यवस्था मिलाउन सबै स्थानीय सरकारलाई अनुरोध गर्दछौं ।

१३. घरघरमा रहेका सबैलाई कृषिमा लाग्न र कोभीड१९ को बेला खाद्यान्नमा आत्मनिर्भर बन्न र करेसाबारी र कौंसी खेती गरी आत्मनिर्भर बन्नका लागि अपिल गर्दछौं साथै गाँऊघरको उत्पादन बजारसम्म सहज पँहुज पुर्याउन र कालोबजारी नियन्त्रण गर्नका लागि कृषि एम्बुलेन्सलाई बृद्धि गर्ने र अनलाइन प्रणाली व्यवस्थित गर्न आग्रह गर्दछौं ।

१४ महामारीमा सहयोग गर्न दाता, संघ-संगठनहरु, बैंक, वित्तीय संस्था, सहकारी, गैसस तथा अगैसस, ब्यापारीहरु, एनआरन, नागरिक समाज सबैलाई अनुरोध गरी कोभिड१९ महामारी कोष व्यवस्था गरी अत्यावश्यक क्षेत्रमा तत्काल राहात दिने व्यवस्था आग्रह गर्दछौं ।

१५. स्वास्थ्य विषय अध्ययन गिररहेका विद्यार्थीहरुलाई विशेष आग्रह गरेर महामारी नियन्त्रणमा सहयोगी/ स्वयमसेवकका रुपमा रोष्टर तयार गरेर परिचालन गर्न अपिल गर्दछौं ।

१६. संकटको समयमा कालोबजारी अनुगमन र निगरानी गर्न स्थानीयस्तरमा सरकार , नागरिक समाज, पत्रकार सहितको संयुक्त अनुगमन समिति बनाइ निगरानी कार्यलाई अघि बढाउन अनुरोध गर्दछौं ।

१७ सूचना प्रणालीलाई चुस्त दुरुस्त बनाउने , नियमित सूचना दिने , सहि सूचना दिनेका लागि पत्रकारहरु, पत्रकार महासघ, संचारगृह सग सहकार्य समन्यव गर्न ।

१८. मानवअधिकारका हनन् र लैंगिक तथा घरेलु हिंसाको अबस्थालाई अनुगमन गर्न मानब अधिका आयोग, नागरिक संघसंगठन र प्रहरीको सहकार्यका लागि आग्रह गर्दछौ ।

१९. बन्दाबन्दीको समयहमा बालवालिका , जेष्ठ नागरिक, लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरुलाई र पछाडी पारिकएका क्षेत्र र वर्गका लागि तत्काल जरुरी पर्ने सेवा सुबिधा प्रबन्ध गर्ने पालिकास्तरको योजना तय गर्न कार्यान्वयन गर्न अपलि गर्दछौ ।

२०. अति आवश्यक सेवाहरु अनलाइन प्रणालीमा लाने र ईन्टरनेटको सेवा सुबिधा, पहुँच वृद्धि, गुणस्तर सुधार र सस्तो बनाउनका लागि अपिल गर्दछौं । साथै वैकल्पिक प्रणालीबाट विद्यार्थीको शिक्षण सिकाइका लागि सहजीकरण गरियोस् ।

२२. प्राणघातक रोगविरुद्धका खोपलाई सर्वसुलभ बनाइ गर्भवती र बालबालिकालाई खोपको पहुँच पुर्याउनका लागि अपिल गर्दछौं ।

२३. महामारीबाट बच्नका लागि सबै नागरिकलाई गुणस्तरीय भ्याक्सिन सर्वसुलभ रुपमा तत्काल उपलब्ध गराउन पनि अपिल गर्दछौ ।

२४. दुर्गममा काम गर्ने स्वास्थ्यकर्मीको मनोबल बढाउन र Critical Care Training लगायतका पक्षहरुमा तत्काल ध्यान दिऔं ।

२५. स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्न र कुन अस्पतालमा के कति संख्यामा शैयाहरु रहेका छन् आदि सूचना दिने वेबसाइट/एप्सहरु विकास गरी अस्पतालहरुको सेवालाई प्रभावकारी बनाउन अपील गर्दछौं ।

२६. कभिड१९ सँग सम्बन्धित परियोजनाहरुलाई छिटो छरितोरुपमा स्वीकृत गरी परियोजनाको श्रोत कोभिड१९ को नियन्त्रणमा परिचालनको अनुकूल वातावरण बनाउन आग्रह गर्दछौं ।

महासंघ तथा संघसंस्थाहरुको तर्फबाट

१. जितराम लामा, अध्यक्ष, गैरसरकारी संस्था महासंघ

२. विपुल पोख्रेल, अध्यक्ष, नेपाल पत्रकार महासंघ

३. अच्युत लुइटेल, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था संघ (एआईएन)

४. भारती पाठक, अध्यक्ष, सामुदायिक बन उपभोक्ता महासंघ, नेपाल

५. भक्त विश्वकर्मा, का.वा अध्यक्ष, दलित गैसस महासंघ

६. राजेन्द्र अर्याल, अध्यक्ष, खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ

७. शम्भु दुलाल, महासचिव, जल तथा उपभोक्ता महासंघ नेपाल

८. नारायण, ज्ञवाली, अध्यक्ष, सामुदायिक विद्युत महासंघ

९. मित्रलाल शर्मा, अध्यक्ष राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल

१०. सुर्य वहादुर थापा, अध्यक्ष, डिपी नेट

११. कृष्ण थापा, अध्यक्ष, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल

१२. डिल्लीराम सुवेदी, अध्यक्ष, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल

१३. नरेन खतिवडा, युथ एड्भोकेसी नेपाल

१४. सुशिला श्रेष्ठ, अध्यक्ष, वियोण्ड वेइजिङ्ग कमिट

१५. जगदिश ऐर, अध्यक्ष, युवा संस्था संजाल

१६. मदनदास श्रेष्ठ, अध्यक्ष, जेष्ठ नागरिक महासंघ, नेपाल

१७. तिलोत्तम पौडेल, संयोजक, बालिका अधिकारका लागि राष्ट्रिय संजाल, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च

१८. किरण थापा, अध्यक्ष, कन्सोटिम नेपाल

१९. रेम विश्वकर्मा, कार्यकारी निर्देशक, जागरण मिडीया सेन्टर

२०. मनिषा ढकाल, अध्यक्ष लैगिंक तथा अल्पसंख्यक महासंघ, नेपाल

२१. ज्योती बानीया, महासचिव, उपभोक्ता हित संरक्षण मञ्च

२२. डोल्मा तामाङ सह-अध्यक्ष, सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल

२३. विदुर सुवेदी, उपाध्यक्ष मानवअधिकार एलाइन्स

२४. नरेन्द्र डंगोल, अध्यक्ष, बालबालिका शान्ति क्षेत्र अभियान

२५. डा इन्दिरा श्रेष्ठ, अध्यक्ष, इन्सेक नेपाल

२६. माधव प्रधान, अध्यक्ष, सिविन, नेपाल

२७. भवानी प्रसाद खरेल, अध्यक्ष, राष्ट्रिय मानव अधिकार प्रतिष्ठान

२८ केदार खड्का, निर्देशक, गो गो फाउण्डेशन, नेपाल

२९. तेज कुमारी न्यौपाने, अध्यक्ष, नेपाल अपाङ्ग समाज

३०. नरेन्द्र जोशी, निर्देशक, साप नेपाल

३१. शान्तलाल मुल्मी, महासचिव, रेस्फेक

३२. कृष्ण सुवेदी, अध्यक्ष, चाइल्ड नेपाल

३३. राजु चापागाई अध्यक्ष परिवर्तनका लागि युवा

३४. पंकज कुमार कर्ण, अध्यक्ष, न्याय तथा अधिकार संस्था (जुरी नेपाल)

३५. गोविन्द वहादुर शाही, संयोजक, मानवअधिकार महाभेला २०२०

३६. विष्णु  प्रसाद तिम्सिना, महासचिव, राष्ट्रिय प्रकोप व्यवस्थापन संजाल (डिमान नेपाल)

३७. अर्जुन भटट्राई, संयोजक, राष्ट्रिय सामाजिक उध्मशिलता मञ्च